निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

२०७३।१।१५, काठमाडौं ।

निर्वाचन सम्बन्धी कानुन तर्जुमा प्रक्रियामा प्रारम्भदेखिनै व्यवस्थापिका संसद, राज्य व्यवस्था समितिको राय, सुझाव प्राप्त गर्ने उद्देश्यले निर्वाचन आयोगले राज्य व्यवस्था समितिका माननीय सदस्यहरुसँग आयोगको सभाकक्षमा छलफल एवम् अन्तरक्रिया सम्पन्न गरेको छ । आयोगका माननीय कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा.अयोधीप्रसाद यादवको संयोजकत्व एवम् राज्य व्यवस्था समितिका सभापति माननीय दिलबहादुर घर्ती र आयोगका माननीय निर्वाचन आयुक्त इला शर्माको समुपस्थितिमा भएको कार्यक्रममा राजनीतिक दल सम्बन्धी ऐन, मतदाता नामावली सम्बन्धी ऐन र निर्वाचन आयोग ऐन तर्जुमाका लागि तयार गरिएको विधेयकको मसौदाले समेटेका विषयमा छलफल एवम् अन्तरक्रिया भएको थियो ।

छलफलमा समितिका माननीय सदस्यले विधेयकको मसौदामा समेटिएका विषयबारे आ-आफ्ना धारणा एवम् सुझाव प्रस्तुत गर्नुभएको थियो । यस सिलसिलामा मुलतः राजनीतिक दल सम्बन्धी विधेयकको मसौदामा रहेका राजनीतिक दल दर्ता, दल दर्ताका लागि आवश्यक मतदाताको हस्ताक्षर सङ्ख्या, राजनीतिक दलको सदस्यता प्राप्त गर्न चाहिने योग्यता, दलको संगठनात्मक स्वरुप, राज्यबाट प्राप्त गर्न सक्ने अनुदान, दलको एकीकरण सम्बन्धी व्यवस्था, थ्रेस होल्ड जस्ता विषयमा सुझाव प्रस्तुत गर्नुभएको थियो ।

माननीय कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा.यादवले छलफलका क्रममा प्राप्त जिज्ञासाको सम्बोधन गर्दै लोकतन्त्रमा राजनीतिक दल थप जिम्मेवार, पारदर्शी र उत्तरदायि हुन आवश्यक हुने भएकोले विधेयकको मसौदा तर्जुमा गर्दा यी पक्षमा विशेष जोड दिइएको बताउनु भयो । प्रस्तुत मसौदा राजनीतिक दल लगायत विभिन्न सरोकारवालासँग छलफल गरी प्राप्त सुझाव समेतलाई समेटी तयार गरिएको बताउँदै समितिसँगको छलफलमा प्राप्त सुझाव अनुकुल मसौदामा आवश्यक परिमार्जन गरिने उल्लेख गर्नुभयो । समितिका सभापति माननीय दिलबहादुर घर्तीले कानुन तर्जुमा प्रक्रियामा राज्य व्यवस्था समितिलाई प्रारम्भदेखिनै संलग्न गराउने आयोगको प्रयासको सह्राहना गर्दै कानुन तर्जुमा गर्दा स्वच्छ र प्रगतिशील समाजको निर्माण एवम् सुदृढ लोकतन्त्रको मर्मलाई आत्मसात् गर्नुपर्ने बताउनु भयो । समितिका सदस्यले गत वर्षको भुकम्पले क्षति पुऱ्याएको आयोगको मूल भवन र आयोग परिसरमा रहको मतदाता शिक्षा तथा सूचना केन्द्रको समेत अवलोकन गर्नुभएको थियो ।

छलफल कार्यक्रममा आयोगका सचिव शारदाप्रसाद त्रितालले स्वागत एवं कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै आयोग अहिले निर्वाचन सम्बन्धी विभिन्न कानुन तर्जुमाको प्रक्रियामा रहेकोले प्रस्तुत कार्यक्रम आयोगका लागि अत्यन्त फलदायी हुने विश्वास प्रकट गर्नुभएको थियो ।

२०७३।१।१८

(वीर बहादुर राई)
सहसचिव
निर्वाचन आयोग

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"